# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

प्रदेश नं.१, नेपाल

**सेवा करारको लागि दरखास्त आह्वान गरिएको सूचना।**

**प्रकाशित मिति : २०७८।०५।०४**

यस कार्यालयले देहाय बमोजिमका पदहरुको सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले तोकिएको ढाँचामा देहायका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको प्रशासन शाखा वा ईमेल ठेगाना : info@hatuwagadhimun.gov.np मा रितपूर्वक दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं | विज्ञापन नं. | पद | श्रेणी/तह | परीक्षा दस्तुर | माग संख्या | शैक्षिक योग्यता/अनुभव | छनौटको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७८।०७९ | मेडिकल अधिकृत | अधिकृत आठौं तह | १००० | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस उर्तिण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | प्रारम्भिक योग्यताक्रम (छोटो सूची) को मूल्याङ्कन, लिखित परीक्षा, सिप परीक्षण तथा अन्तरवार्ता | |
| २ | ०२/०७८।०७९ | सिभिल इन्जिनियर | अधिकृत छैटौं तह सरह | १००० | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उर्त्तिण गरि नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता गरेको तथा भवन निर्माण (Building Construction) को Drawing, Design, Estimation, Supervision आदि कार्यको कम्तीमा ३ वर्ष अनुभव हासिल गरेको। | प्रारम्भिक योग्यताक्रम (छोटो सूची) को मूल्याङ्कन, लिखित परीक्षा, सिप परीक्षण तथा अन्तरवार्ता | |
| ३ | ०३/०७८।०७९ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं तह सरह | १००० | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषय संग सम्बन्धित विषयमा स्नातक तह उर्त्तिण भएको। | प्रारम्भिक योग्यताक्रम (छोटो सूची) को मूल्याङ्कन, लिखित परीक्षा, सिप परीक्षण तथा अन्तरवार्ता | |
| ४ | ०४/०७८।०७९ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | ५०० | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा सो सरह उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसाय परिषदमा दर्ता भएको। | प्रारम्भिक योग्यताक्रम (छोटो सूची) को मूल्याङ्कन, लिखित परीक्षा, सिप परीक्षण तथा अन्तरवार्ता | |
| ५ | ०५/०७८।०७९ | ना.प.से.प्रा. | सहायक चौथो तह सरह | ५०० | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए.(पशु) कोर्ष वा सो सरह उर्त्तिण गरेको। | प्रारम्भिक योग्यताक्रम (छोटो सूची) को मूल्याङ्कन, लिखित परीक्षा, सिप परीक्षण तथा अन्तरवार्ता | |

**आवश्यक कागजात तथा विवरणहरु :**

- दरखास्त दिने अन्तिम मिति : २०७८।०६।१८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात् कार्यालय खुलेको दिन कार्यालय समयमा।
- दरखास्त फारम यस कार्यालयको वेभसाईट : www.hatuwagadhimun.gov.np बाट डाउनलोड गरि वा यस कार्यालयमा सम्पर्क राखि लिन सकिने छ।
- दरखास्त साथ संलग्न गर्नुपर्ने विवरण : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषद्/काउन्सिलमा नाम दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपी, तालिम तथा अनुभव सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो (२ प्रति) एवं परीक्षा दस्तुर बुझाएको रकमको रसिद अनिवार्य बुझाउनु पर्नेछ।
- नेपाल बाहिरको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपि।
- पारिश्रमिक : कार्यसम्पादन मूल्याङ्कन बमोजिम नेपाल सरकारले सम्बन्धित पदको लागि तोकेको न्यूनतम पारिश्रमिक एवं गाउँ कार्यपालिकाको निर्णयानुसार अतिरिक्त सेवा सुविधा।
- उमेर : अधिकृत स्तरको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ। अन्यको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ। महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।
- म्याद नाघि आएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन।
- अनुभव : सम्बन्धित कार्यमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ।
- परीक्षा मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिन कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात् कार्यालय खुलेको दिन प्रकाशित गरिने छ।

***थप जानकारीका लागि*** : मोबाइल नं ९८५८०८०२१४ वा यस कार्यालयको Website : www.hatuwagadhimun.gov.np मा हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत